मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेन्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख २१ गते सोमबार ❑ 4 May 2026 ❑ पृष्ठ ४+४ ❑ मूल्य रू. ५।-

## सरकारले व्यवसायीलाई दु:ख दिँदैन: सभापति लामिछाने

**रासस**
काठमाडौं, २० बैशाख

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले उद्योगी-व्यवसायीलाई नडराउन र नआत्तिन आग्रह गर्नुभएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्शलगायत निजी क्षेत्रका संस्थाका प्रतिनिधिहरूसँग छलफल गर्दै आइतबार उहाँले रास्वपा र वर्तमान सरकारप्रति सशङ्कित नहुन आग्रह गर्नुभएको हो।

सभापति लामिछानेले भन्नुभयो, "निजीक्षेत्र सशङ्कित भएको, अलि डराएको जस्तो देखेर नै मैले तपाईंहरूसँग छलफल गर्न चाहेको हुँ। तपाईंहरू डराउनुपर्ने वा आत्तिनुपर्ने कुनै कारण छैन। हामी व्यवसायीहरूलाई कुनै खालको दुःख दिन चाहँदैनौँ।" उहाँले केही व्यवसायी तथा पात्रहरूले देशको अर्थतन्त्र नै आफ्नो मुठ्ठीमा नियन्त्रण गर्ने गरी अघि बढेका कारणले सरकार निर्मम भएर लाग्नु परेको स्पष्ट पार्नुभयो।

सभापति लामिछानेले वास्तविक अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रको समस्या सम्बोधन गर्नुपर्ने र त्यसको 'रोडम्याप' रास्वपाले बनाइसकेको पनि जानकारी दिनुभयो। उहाँले समस्या सम्बोधनका लागि उद्योगी-व्यवसायीहरूले आफ्नो घर र पार्टी कार्यालय धाउनै नपर्ने पनि स्पष्ट पार्नुभयो। "तपाईंले मलाई र पार्टी कार्यालयलाई देख्नु पर्दैन, टेक्नु पर्दैन। हामी तपाईंहरूको समस्या सहजै सम्बोधन गर्न चाहन्छौँ। पहिला तपाईंहरूले फरक खालको प्रयोग र अनुभव लिनुभयो होला, सहभागी हुनु पनि भयो होला, तर हामी फरक ढङ्गबाट देखिने गरी परिवर्तन महसुस गराउन चाहन्छौँ," उहाँले भन्नुभयो।

छलफलमा महासङ्घका अध्यक्ष चन्द्र ढकालले निजी क्षेत्र शान्तिको क्षेत्र भएकाले सहज रूपमा काम गर्न दिन आग्रह गर्नुभयो। "हरेक आन्दोलनमा यस क्षेत्रमाथि प्रहार भइरहेको छ। हामी हरेक आन्दोलनको मुख्य निसानामा परिरहेका छौँ। यसो हुनु हुँदैन भन्ने हाम्रो माग हो", उहाँले भन्नुभयो। परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले पुँजी निर्माण घटिरहेको अवस्थामा निजी क्षेत्रलाई प्रोत्साहन र हौसला बढाउन आवश्यक रहेको उल्लेख गर्नुभयो। चेम्बर अफ कमर्सका कार्यवाहक अध्यक्ष दीपक मलहोत्राले स्पष्ट बहुमतसहितको रास्वपा सरकारसँग ठूलो अपेक्षा रहेको भन्दै विकास निर्माण र आर्थिक सुधारमा सरकारले आवश्यक भूमिका खेल्नुपर्ने बताउनुभयो।

'सरकारलेनागरिकलाईघरबारविहीन बनाउँदैन' फरक प्रसङ्गमा सभापति लामिछानेले सरकारले कसैलाई पनि घरबारविहीन नबनाउने स्पष्ट पार्नुभयो। "देशका नागरिक कसैलाई पनि घरबारविहीन बनाउँदैनौँ। आज केही समस्या भएको छ, तर यसले सधैँका लागि समस्या समाधान गर्छ। हामीले खोलाको किनारामा जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न खोजेको छौँ", उहाँले भन्नुभयो।

## सार्वजनिक निकायमा नियुक्त पदाधिकारी स्वत: पदमुक्त

**रासस**
काठमाडौं, २० बैशाख

विसं २०८२ चैत १२ गते अगाडि सार्वजनिक निकायमा नियुक्त पदाधिकारीहरू स्वतः पदमुक्त भएका छन्। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार जारी गर्नुभएको 'सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था अध्यादेश, २०८३' को दफा २ को (१) मा उक्त व्यवस्था गरिएको छ।

उक्त दफामा सार्वजनिक पदाधिकारीहरूको नियुक्तिमा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए पनि यो अध्यादेश प्रारम्भ भएपछि त्यस्ता पदाधिकारीहरू कार्यरत रहेको पदबाट स्वतः पदमुक्त हुने उल्लेख छ। उक्त अध्यादेश कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आइतबार सार्वजनिक गरेको हो।

सो अध्यादेशको दफा २ को उपदफा (२) मा पदमुक्त भएको पदाधिकारीलाई सम्बन्धित मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिने उल्लेख छ। दफा १ को (२) बमोजिम यो अध्यादेश कार्यान्वयनमा आइसकेको छ।

प्रचलित कानुनबमोजिम नियुक्त तथा मनोनयन भएका वा तोकिएको सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा तत्काल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकाले यो अध्यादेश जारी भएको प्रस्तावनामा भनिएको छ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले प्रशासनिक सुदृढीकरण र राज्यका निकायलाई नयाँ गति दिने उद्देश्यले यो कदम चालेको हो। सो अध्यादेश जारी भएसँगै विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार ५९४ पदाधिकारी एकमुष्ट पदमुक्त भएका छन्।

## विकल्प सहित व्यवस्थापनको माग गर्दै पोखरा बसपार्कका सुकुम्बासी

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख

पोखरा बसपार्क क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बासिन्दाले वैकल्पिक व्यवस्था सुनिश्चित गरेर मात्र स्थानान्तरण गर्न माग गरेका छन्। उचित व्यवस्थापन नगरी हटाउने प्रयास भए चरणबद्ध आन्दोलन गर्ने धम्की दिएका हुन्।

भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार संघर्ष समिति कास्कीले आइतबार बसपार्क क्षेत्रमा आयोजित पत्रकार सम्मेलन मार्फत आफूहरूको माग समेत सार्वजनिक गरेको छ। समितिका संयोजक प्रेमबहादुर गुरुङले लामो समयदेखि बसोबास गर्दै आएका नागरिकलाई राज्यले व्यवस्थित विकल्प नदिई हटाउन खोजे समस्या झन् जटिल बन्न सक्ने बताउनु भयो। पोखरा महानगरपालिकाले सार्वजनिक जग्गामा निर्माण गरिएका संरचना




३५ दिनभित्र हटाउन सूचना जारी गरेपछि बसपार्क क्षेत्रका करिब ४ सय ७५ घरधुरीमा अन्योल र चिन्ता बढेको समितिको भनाइ छ। महानगरको वैशाख ३ गतेको कार्यपालिका बैठकले यस्तो निर्णय गरेको थियो।

बसपार्क क्षेत्रमा २०३२ सालदेखि बसोबास गर्दै आएका बासिन्दालाई व्यवस्थित स्थानान्तरणबिना हटाउनु न्यायोचित नहुने संयोजक गुरुङले धारणा राख्नु भएको छ। "हामी व्यवस्थित विकल्प पाए बसपार्क खाली गर्न तयार छौं, तर विकल्पविना हटाइए प्रतिकारमा उत्रिन बाध्य हुन्छौं," उहाँले भन्नुभयो।

समितिले चरणबद्ध कार्यक्रम पनि घोषणा गरेको छ। वैशाख २१ गते जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने र सोही दिन पृथ्वीचोकमा र्‍यालीसहित कोणसभा गर्ने योजना रहेको छ। वैशाख २३ गते बस्ने बैठकले थप कार्यक्रम तय गर्ने जनाइएको छ। समितिका सल्लाहकार ओमबहादुर पौडेलले शहर विकासमा सुकुम्बासीलाई मात्र दोष दिनु उचित नहुने उल्लेख गर्दै अन्य अतिक्रमित सार्वजनिक संरचनातर्फ पनि ध्यान दिनुपर्ने बताए। सदस्य अर्जुन मल्लले व्यवस्थापनबिना डोजर प्रयोग गर्ने सोच व्यवहारिक नहुने धारणा राख्नु भयो।

बसपार्क क्षेत्र लामो समयदेखि अव्यवस्थित बसोबासको केन्द्रका रूपमा रहँदै आएको छ। बसपार्क निर्माणका लागि २०३१ सालमा अधिग्रहण गरिएको करिब २ सय ५ रोपनी जग्गामध्ये केही भाग सडक विस्तारमा परेपछि हाल झण्डै १ सय ८७ रोपनी क्षेत्र बाँकी रहेको बताइन्छ। स्थानीयका अनुसार अहिले बसपार्क प्रयोजनका लागि पर्याप्त खाली जग्गा समेत उपलब्ध छैन। यता महानगरपालिकाले भने सार्वजनिक जग्गा अतिक्रमण हटाउने नीति अन्तर्गत स्वेच्छाले संरचना हटाउन आग्रह गर्दै अटेरी गरे कानुनी प्रक्रिया अघि बढाउने बताउँदै आएको छ।

## कास्कीमा आफ्नै बुबाको हत्या आरोपमा छोरा पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख

कास्कीमा आफ्नै बुबाको हत्या आरोपमा छोरा पक्राउ परेका छन्। कास्की जिल्लाको रुपा गाउँपालिका-४ बागेडाँडामा आफ्नै ६२ वर्षीय बुबा राम बहादुर घर्तीको हत्या गरी फरार भएका उनका छोरा ३४ वर्षीय भीम बहादुर भुजेललाई प्रहरीले पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो।

प्रहरीले घटनाको भोलिपल्टै हत्याको आरोपमा भूजेलले वैशाख १८ गते नै पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी हरिबहादुर बस्नेतले बताउनु भयो। वैशाख १७ गते साँझ करिब ६:४५ बजे राम बहादुर घर्ती आफ्नै घरमा अचेत अवस्थामा फेला पर्नु भएको उहाँले जनाउनु भयो। घटनास्थलमा पुग्दा उहाँको घाँटीमा गलबन्दी बेरिएको र नाकबाट रगत बगेको अवस्थामा भेटिए पछि प्रहरीले प्रारम्भिक अनुसन्धानपछि घटनालाई शंकास्पद मानेर थप अनुसन्धान अघि बढाएको थियो। शव परीक्षणका लागि तत्काल पोखरास्थित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिम क्षेत्रीय अस्पताल) पोखरा पठाइएको थियो। घटनास्थलको अवस्थाले मृतकको हत्या भएको हुनसक्ने संकेत देखिएपछि प्रहरीले अभियुक्तको खोजी तीव्र बनाएको थियो। अनुसन्धानकै क्रममा मृतकका कान्छा छोरा भीम बहादुर भुजेल संलग्न रहेको खुलेपछि उहाँलाई वैशाख १८ गते पोखरा महानगरपालिका-११, हस्पिटल चोकबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। हाल पक्राउ परेका भुजेलमाथि मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत कर्तव्य ज्यान सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी १० दिनको म्याद थप गरेर थप अनुसन्धान भइरहेको डिएसपी बस्नेतले जनाउनु भयो। घटनाको थप अनुसान्धान जारी रहेको प्रहरीले जनाएको छ।

## राष्ट्रपतिद्वारा संवैधानिक परिषद्सम्बन्धी अध्यादेश फिर्ता

**रासस**
काठमाडौं, २० बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिकपरिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ पुनर्विचारका लागि मन्त्रिपरिषद्मा फिर्ता पठाउनुभएको छ।

नेपालको संविधानबमोजिम यसअघि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणका लागि २०८२ साल असार २५ मा राष्ट्रपतिसमक्ष पेस भएकामा सन्देशसहित उक्त विधेयक मन्त्रिपरिषद्मा फिर्ता पठाइएको जनाउँदै राष्ट्रपति कार्यालयले तत्कालीन मन्त्रिपरिषद्को २०८२ साल मङ्सिर २ गतेको निर्णयअनुसार प्राप्त भएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी नभएको स्मरण गराएको छ। यही वैशाख १४ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम सिफारिस भई आएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ को विषयवस्तुका सन्दर्भमा पुनर्विचार गर्न मन्त्रिपरिषद्मा पठाउनुभएको उक्त कार्यालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

यसैगरी राष्ट्रपति रामचन्द्र पौडेलले केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ जारी गर्नुभएको छ। नेपालको संविधानको धारा, ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा उहाँले उक्त अध्यादेश जारी गर्नुभएकोराष्ट्रपतिकोकार्यालयले जनाएको छ।

## लिपुलेक सम्बन्धमा नेपाल सरकारद्वारा पुन: अवगत गराइयो भारत र चीनलाई

**रासस**
काठमाडौं, २० बैशाख

नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत तथा चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ। स ा ` विषयका सम्बन्धमा पुनःस्पष्ट पार्दै परराष्ट्र मन्त्रालयले यसअघि पनि नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेन्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आर्मीलाई सडेन डेथमा पराजित गर्दै पुलिसलाई प्रथम महिला गोल्डकपको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख

त्रिभुवन आर्मी क्लवलाई सडेन डेथमा पराजित गर्दै नेपाल पुलिस क्लबले प्रथम पोखरा महिला गोल्डकपको उपाधी जितेको छ।

आर.एस.पोखरा फुटबल क्लबको आयोजनामा पोखरा रंगशालाको फुटवल मैदानमा आइतबार भएको फाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई पुलिसले टाईब्रेकरमा ४–४ गोल भए पछि सडेन डेथमा जित हासिल गरेको हो । ९० मिनेटको निर्धारित समयमा दुबै तर्फ गोल हुन नसके पछि खेल सिधै टाईब्रेकरमा पुगेको थियो । टाईब्रेकरमा पनि दुबै तर्फ ४–४ गोल भए पछि सडेन डेथमा आर्मीकी इन्दीरा राईको पेनाल्टी सुटलाई पुलिसकी गोलरक्षक उसा नाथले उत्कृष्ट बचाउ गरिन् । पुलिसकी सविना चौधरीले पेनाल्टी सुटमा गोल गरिन् । पोखरामै पहिलो पटक भएको महिला गोल्डकपको उपाधिसंगै पुलिसले ५ लाख




रुपैयाँ हात पारेको छ। उपविजेता आर्मीले ३ लाख रुपैया प्राप्त गरेको छ। पहिलो हाफको २७ मिनेटमै आर्मी १० खेलाडीमा सिमित भएको हो । पुलिसकी निर्मला विकले बल अघि बढाउने क्रममा आर्मीकि डिफेन्डर विमला विकले डि एरिया नजिक लडाएपछी रातो कार्ड पाएकी थिइन । नेपाल पुलिसकी समिक्षा घिमिरे प्लेयर अफ दि म्याच घोषित भइन।

पेनाल्टिमा पुलिसका लागि रेखा पौडेल, समिक्षा घिमिरे, पुजा राना, सविना चौधरी र वर्षा चौधरीले गोल गर्दा गोलरक्षक उषा चौधरीको पेनाल्टी आर्मीकी गोलरक्षकले बचाउ गरिन् । आर्मीका लागि अनिता लाम्जेल, दिपा शाही, हिमा चौधरी र चन्द्रा भण्डारीले गोल गर्दा अन्जना थुलुंग राईको प्रहार पोष्टबारमा लाग्दै बाहिरियो भने इन्दिरा राईको प्रहारलाई पुलिसकी गोलरक्षक उषाले जोगाइन् ।

पुलिसकी निर्मला सर्वोत्कृष्ट विधागत पुरस्कारतर्फ पनि पुलिसकै दबदबा रह्यो । पुलिसकी निर्मला विक सर्वोत्कृष्ट खेलाडी घोषित भइन। उनले ३० हजार रुपैयाँ प्राप्त गरिन् । यस्तै उत्कृष्ट गोलरक्षक पुलिसकी उषा नाथ रेखा पौडेल सर्वाधिक गोलकर्ता बनिन् । रेखाले जारी प्रतियोगितामा कुला पाँच गोल गरिन्। पहिलो खेलमा आयोजक विरुद्ध उनले पाँच गोल गरेकी थिइन् । उत्कृष्ट दुवैले समान १५ हजार रुपैयाँ प्राप्त गरे । अनुसासित टिमको पुरस्कार आर एस पोखरा फुटबलले प्राप्त गऱ्यो । तीन दिनसम्म चलेको प्रतियोगितामा कुल चार टिमको सहभागिता रहेको थियो । प्रतियोगितामा पुलिस, आर्मीसंगै संकटा र आयोजक आर।एस। पोखरा फुटबल क्लबको सहभागिता रहेको थियो । विजयी खेलाडीहरुलाई पश्चिम पृतनाका पृतनापति उपरथी भोलानाथ थापा, गण्डकी प्रदेश प्रहरी कार्यालयका एसएसपी तुलबहादुर कार्की, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङ लगायतले पुरस्कार वितरण गर्नु भएको आयोजक संस्थाका अध्यक्ष रमेश कार्कीले बताउनु भयो।

# पाँच दिने राष्ट्रिय ह्याण्डबल रेफ्री प्रशिक्षण पोखरामा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख

नेपाली ह्याण्डबल खेलको प्राविधिक विकास र दक्ष रेफ्री उत्पादन गर्ने उद्देश्यसहित आयोजित पाँच दिने राष्ट्रिय ह्याण्डबल रेफ्री प्रशिक्षण कार्यक्रम पोखरामा सम्पन्न भएको छ।

नेपाल ह्याण्डबल संघको आयोजना तथा बुढानिलकण्ठ नगरपालिकाको सहकार्यमा सञ्चालित उक्त प्रशिक्षण कार्यक्रम आइतबार औपचारिक रूपमा सम्पन्न भएको हो।

पोखरा ह्याण्डबल एकेडेमीमा आयोजित समापन कार्यक्रममा राष्ट्रिय ओलम्पिक एकेडेमीका अध्यक्ष तेजबहादुर गुरुङले सहभागी प्रशिक्षार्थीहरूलाई दीक्षित भएको प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रममा बोल्दै उनले नेपाली ह्याण्डबलको विकाससँगै आगामी दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि यस्ता प्रशिक्षण कार्यक्रम अत्यन्त महत्वपूर्ण रहेको बताए। प्रशिक्षणबाट हासिल गरेको ज्ञान, सीप र अनुभवलाई व्यवहारमा लागू गर्दै सक्षम युवा खेलाडी तथा दक्ष रेफ्री उत्पादनमा सक्रिय भूमिका निर्वाह गर्न सहभागीहरूलाई अध्यक्ष गुरुङले आग्रह गरे । साथै, राष्ट्रिय ओलम्पिक एकेडेमीले आगामी दिनमा विभिन्न खेलका प्रशिक्षण तथा खेलाडी उत्पादन केन्द्रित कार्यक्रमहरू अगाडि बढाउने जानकारी समेत दिए। नेपाल ह्याण्डबल संघका अध्यक्ष पिताम्बर तिम्सिनाले ह्याण्डबल खेलको लोकप्रियता बढाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यसको गरिमा उकास्ने



लक्ष्यसहित संघ अघि बढिरहेको बताए । उनले सातै प्रदेशमा युवा प्रतिभा पहिचान, खेलाडी उत्पादन र प्राविधिक विकासका कार्यक्रमलाई थप प्रभावकारी बनाइने उल्लेख गर्दै भने-"हामी ह्याण्डबललाई देशव्यापी रूपमा विस्तार गर्न चाहन्छौँ । यसका लागि खेलाडी मात्र होइन, दक्ष प्रशिक्षक र रेफ्री उत्पादन पनि उत्तिकै आवश्यक छ।"

रेफ्रि प्रशिक्षण कार्यक्रमले नेपाली ह्याण्डबल खेलको विकासका लागि कोशेढुङ्गा सावित हुने बताउँदै अध्यक्ष तिम्सिनाले भने-"केही व्यक्ति विशेषहरु संघका गतिविधि ठप्प पार्न अझै पनि उद्धत रहेका छन् । उनीहरुको त्यो कोठा भित्रबाट गरेको प्रयासले नेपाली ह्याण्डबलको गतिलाई अब रोक्न सक्दैन ।" कार्यक्रममा विशेष अतिथिका रूपमा सहभागी भारतका ह्याण्डबल मुख्य प्रशिक्षक अनुप सिंह काश्वानले नेपाल-भारतबीच ह्याण्डबल खेलको विकासका लागि सहकार्यका नयाँ आयामहरू खोल्न आफू सदैव सकारात्मक रहेको बताए । उनले खेलले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने उल्लेख गर्दै बदलिँदो समयसँगै ह्याण्डबलका नयाँ नियम र प्रविधिप्रति खेलाडी, प्रशिक्षक तथा रेफ्रीहरू सजग हुनुपर्नेमा जोड दिए। उनले नेपाली खेलाडीहरूको अनुशासन, समर्पण र उच्च खेलभावनाको प्रशंसा गर्दै भविष्यमा नेपाली ह्याण्डबलले अझ राम्रो सम्भावना बोकेको बताए । समापन कार्यक्रममा नेपाल ह्याण्डबल संघका महासचिव तथा गण्डकी प्रदेश ह्याण्डबल संघका अध्यक्ष केशव पाठक, भारतका प्रशिक्षक तेजवीर सिंह लगायतले पनि ह्याण्डबलको उज्ज्वल भविष्यका लागि सामूहिक सहकार्य आवश्यक रहेको धारणा राखेका थिए । पाँच दिनसम्म सञ्चालन भएको प्रशिक्षण कार्यक्रममा पाँच प्रदेश तथा विभागीय टोलीका गरी २५ जना रेफ्रीहरूको सहभागिता रहेको थियो। प्रशिक्षण अवधिमा खेलका नवीन नियम, रेफ्रीको भूमिका, खेल सञ्चालनका प्राविधिक पक्ष तथा व्यवहारिक अभ्यासहरू समेटिएको थियो । प्रशिक्षणले नेपाली ह्याण्डबलमा दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै खेलको स्तर अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास आयोजकले व्यक्त गरेका छन्। पोखराबाट सुरु भएको यो सकारात्मक अभियानले देशभर ह्याण्डबलको नयाँ ऊर्जा थप्ने अपेक्षा गरिएको छ।

# भद्रकालीका शिक्षकहरु एआई सँगसँगै अघि बढ्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख

शनिबार हलमा एउटा यस्तो दृश्य देखियो । जहाँ अनुभव, उत्साह र प्रविधि एकै ठाउँमा मिसिएका थिए । वडाभित्रका सामुदायिक र संस्थागत विद्यालयका करिब ९० शिक्षक एउटै हलमा भेला भएका हुन् । पोखरा महानगरपालिका वडा नं १३ शिक्षा समितिले आयोजना गरेको तालिममा शिक्षकहरु भेला भएका हुन।

शिक्षण सिकाइ क्रियाकलापमा कृत्रिम बौद्धिकता (एआई) र आधुनिक विधिको प्रयोगबारे आयोजना गरिएको अभिमुखीकरण कार्यक्रम केवल तालिम मात्र थिएन । यो त शिक्षकहरूको सोच र शैलीमा रूपान्तरण ल्याउने प्रयास थियो। सूचना प्रविधिको तीव्र विकासले शिक्षामा ल्याएको चुनौती र अवसर दुवैलाई आत्मसात् गर्ने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रममा



सहभागी शिक्षकहरूलाई केवल सिद्धान्तमा सीमित नराखी, व्यवहारमै उतार्न सकिने सीप सिकाइएको थियो । प्रशिक्षक भक्तराज रसाइलीले कक्षा व्यवस्थापनलाई कसरी प्रभावकारी र विद्यार्थीमैत्री बनाउने भन्ने विषयमा सहज र प्रेरणादायी ढंगले सहजीकरण गरेका थिए। खेमराज पौडेलले एआईलाई शिक्षणमा कसरी प्रयोग गर्ने भन्नेबारे उदाहरणसहित प्रयोगात्मक ज्ञान प्रस्तुत गरे, जसले शिक्षकहरूमा नयाँ उत्साह थप्यो । वडा शिक्षा समितिका संयोजक राजेन्द्र भण्डारीले शिक्षक नै शिक्षाको मेरुदण्ड भएको उल्लेख गर्दै सामुदायिक विद्यालयका विद्यार्थीलाई प्रतिस्पर्धी बनाउन शिक्षकमा नयाँ सीप र दृष्टिकोण आवश्यक रहेको बताए । "प्रविधिमैत्री कक्षाकोठा निर्माण र शिक्षकको आत्मविश्वास अभिवृद्धि नै यस तालिमको मूल उद्देश्य हो," भण्डारीले भने । कार्यक्रमपछि शिक्षकहरूमा देखिएको उत्साहले यसको प्रभाव स्पष्ट देखिन्थ्यो । भद्रकाली माध्यमिक विद्यालयका प्रधानाध्यापक यदुराज पंगेनी, रत्नपाण्डे माध्यमिक विद्यालयकी प्रधानाध्यापक संगीता पोखरेल, आर्वा विजय माविका व्यवस्थापन समितिका अध्यक्ष भवसागर बराल तथा ताराकुञ्ज माविका प्रअ रवीमोहन बराल लगायतले तालिममा शिक्षणमा नयाँ ऊर्जा भर्ने धारणा राखे । उनीहरूको साझा निष्कर्ष थियो–"समयसँगै प्रविधि नअपनाए, शिक्षण प्रभावकारी हुन सक्दैन ।"कार्यक्रमको उद्घाटन वडाध्यक्ष किरण बरालले गर्दै शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउन यस्ता प्रयास अपरिहार्य रहेको बताए।

कार्यक्रममा वडा सदस्यहरू बलबहादुर बराल, रजनी परियार, सुचिता तामाङ, सरिफ मियाँ, शिक्षा समितिका सदस्य गोविन्दप्रसाद सिग्दल लगायत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

# एक करोडमा वडा कार्यालय भवन निर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, २० बैशाख

स्थापना भएदेखि हालसम्म जीर्ण भवनबाट सेवा प्रवाह गर्दै आएको जैमिनी नगरपालिका-३ को वडा कार्यालय भवन निर्माण गरिएको छ। एक करोड लागतमा तीनकोठे भवन निर्माण भएको हो।

लामो समयेखि सामुदायिक वन उपभोक्ता समितिको जीर्ण भवनबाट सेवा दिँदै आएको वडा कार्यालयको आफ्नै भवन सर्ने तयारी गरेको छ । स्थानीय कृष्णबहादुर छन्त्याल, चन्द्रबहादुर पाण्डे, इन्द्रकली पुन र मोहन पुनको परिवारले रु १० लाख मूल्य बराबरको १० रोपनी जमिन निःशुल्क रूपमा उपलब्ध गराएपछि भवन निर्माण गरिएको वडा अध्यक्ष कृष्णबहादुर भुजेलले जानकारी दिनुभयो।

"अहिलेसम्म आफ्नै भवन नहुँदा सामुदायिक वनको भवनबाट सेवा प्रवाह गर्दै आएका छौँ, यहाँबाट सेवा प्रवाह गर्दा निकै समस्या भोग्नु पऱ्यो, अब आफ्नै भवनमा यही वैशाख २३ गते सर्ने गरी तयारी छ", उहाँले भन्नुभयो।

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले सबै वडा कार्यालयलाई व्यवस्थित गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइने बताउनुभयो । अधिकांश वडाका भवन निर्माणाधीन छन्।

# लिपुलेक ...

व्यापार र तीर्थाटन जस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको जनाएको हो।

साथै, लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत आधिकारिक रूपमा जानकारी गराई सकिएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीद्वारा आइतबार जारी विज्ञप्तिमा स्पष्ट पारिएको छ।

सन् १८१६ को सुगौली सन्धिबाट नै महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग रहेको मन्त्रालयले जनाएको छ। नेपाल र भारतबीचको घनिष्ठ तथा मैत्रीपूर्ण सम्बन्धको मर्म र भावना अनुरूप, ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा तथा प्रमाणका आधारमा सीमा समस्या समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार सधैँ प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ।

# पेसागत र भौतिक सुरक्षाको जोखिमले प्रेस स्वतन्त्रता चुनौतीपूर्ण बनेको छः अध्यक्ष शर्मा

**रासस**
काठमाडौं, २० बैशाख

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले पत्रकारविरुद्ध भएका अपराधमा दण्डहीनता, सञ्चारमाध्यमको आर्थिक अवस्थामा गिरावट, पत्रकारको पेसागत र भौतिक सुरक्षामा जोखिमजस्ता कारणले प्रेस स्वतन्त्रता चुनौतीपूर्ण बन्दै गएको बताउनुभएको छ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आइतबार सम्पूर्ण श्रमजीवी पत्रकार, व्यावसायिक सञ्चारगृहहरू तथा विचार र अभिव्यक्ति स्वतन्त्रता पक्षधर जनसमुदायमा शुभकामना व्यक्त गर्दै सो कुरा बताउनुभएको हो । उहाँले भन्नुभएको छ, "विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा महासङ्घ सम्पूर्ण सञ्चारकर्मी, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरमा पुनःएकपटक शुभकामना व्यक्त गर्दछ, प्रेस स्वतन्त्रता पेचिलो बन्दै गएको अहिलेको अवस्थमा मुलुकका विभिन्न पेसागत सङ्गठन र नागरिक अगुवासँग अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि महासङ्घ ऐक्यबद्धताको अपेक्षा गर्दछ।"

इतिहासदेखि नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि राज्यका कुनै अङ्ग, तह वा अरू कुनै सङ्गठित र असङ्गठित क्षेत्रबाट सङ्कुचन वा नियन्त्रण गर्ने प्रयास भए पनि प्रेस जगतले सशक्त प्रतिवाद गर्दै आएको उहाँको भनाइ छ। शुभकामना सन्देशमा भनिएको छ, "अब पनि त्यस्तो प्रतिवाद गर्नुपर्ने अवस्था आइलाग्छ भन्नेमा महासङ्घ स्पष्ट छ, लोकतान्त्रिक संविधान लागू भएको दशक बितिसक्दा पनि मुलुकमा प्रेस स्वतन्त्रता हननका घटना बढ्दो क्रममा रहेको देखिनु हाम्रा लागि गम्भीर चिन्ताको विषय हो।"

विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने क्रमको सुरुआत सन् १९९१ मा नामिबियाको विन्डहोकमा आयोजित युनेस्कोको सेमिनारबाट भएको हो। उक्त सेमिनारले 'विन्डहोक घोषणापत्र' जारी गरेको थियो। यही घोषणापत्रको स्मरण गर्दै सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घको महासभाले युनेस्कोको सिफारिसमा मे ३ लाई 'विश्व प्रेस स्वतन्त्रता दिवस' का रूपमा मनाउने निर्णय गरेको हो । त्यसयता, हरेक वर्ष मे ३ का दिन प्रेस स्वतन्त्रताको रक्षा र प्रवर्द्धन गर्ने उद्देश्यले यो दिवस विश्वभर मनाउने गरिन्छ । यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको नारा 'शान्तिपूर्ण भविष्यको निर्माणः मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रता प्रवर्द्धन' रहेको छ । युनेस्कोले यस वर्षको कार्यक्रम जाम्बियाको लुसाकामा मे ४ र ५ का दिन विभिन्न कार्यक्रम गरी मनाउँदै छ।

अन्तरराष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे) ले ४ मे देखि ७ मे सम्म पेरिसमा हुने महाधिवेशनमा विश्वका पत्रकारहरु सहभागी हुने सम्मेलनमा यो दिवस मनाउँदै छ। पछिल्लो समय सरकारले गरेको सरकारी विज्ञापनमा विभेदपूर्ण व्यवहार, लोककल्याणकारी विज्ञापनको सङ्कुचन र अभिव्यक्ति स्वतन्त्रता माथिकै अङ्कुशका प्रक्रियाहरू हुन भन्ने अध्यक्ष शर्माको बुझाइ छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# प्रेस स्वतन्त्रता नियन्त्रित गर्ने काम नगर

नेपालको प्रेस स्वतन्त्रताको अवस्था जटिल बन्दै गएको छ। नेपालको संविधानको धारा १७ (२) (क) र धारा १९ ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सञ्चारको मौलिक हक भनेर प्रत्याभूत गरेको मात्रै छैन, संविधानको प्रस्तावनामा समेत पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूत हुने उल्लेख गरेको छ। यस्तै, प्रेस काउन्सिल ऐन, सूचना तथा सञ्चार नीतिहरू, पत्रकार आचारसंहितालगायतका नियमबाट पनि प्रेसको अधिकार परिभाषित गरिएको छ। नेपाल पक्षराष्ट्र भएर हस्ताक्षर गरिएको अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरूले पनि प्रेस स्वतन्त्रताको समर्थन गर्छ।

नेपालको सन्दर्भमा प्रेस स्वतन्त्रताको सारवान कानुनी एवं नीतिगत आधार र प्रयोगपरक व्यावहारिकताबिच ठुलो बेमेल पाइन्छ। राजनीतिक, आर्थिक, सामाजिकलगायतका विभिन्न कारणले अहिले पनि नेपाली पत्रकारितामा पूर्ण प्रेस स्वतन्त्रता कुण्ठित भइरहेको छ। राज्य नै सरकारी बाहेक संचार माध्यमलाई निमोठ्न बिज्ञापन रोक्न निर्देशन जारी गरेको छ।राज्यले सबै संचार माध्यमलाई संरक्षण गर्नुपर्नेमा सरकारी बाहेक अरुलाई विज्ञापन नदिन उर्दी जारी गर्नु प्रेस माथि अघोषित अंकुश हो। प्रेस स्वतन्त्रता पक्षमा धेरै उल्झन र समस्या खडा गर्ने काम लोकतान्त्रिक सरकारले गर्दैन। राज्यले संविधान र कानुनबाट ग्यारेन्टी गरिएका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा अवरोध नपुर्याउन दबाब दिन आवश्यक छ।

सन् १९९३ मा संयुक्त राष्ट्र संघ साधारण सभाको घोषणा पछि युनेस्कोको आब्हानमा मे ३ मा प्रेस स्वतन्त्रता दिवस मनाउने गरिएको छ। संसारभरीका पत्रकारहरुले मे ३ लाई महत्वपूर्ण दिनको रुपमा विभिन्न कार्यक्रम गरी मनाउने गरेका छन। नेपालमा पत्रकार महासंघले प्रेस स्वतन्त्रताका पक्षधर संग ऐक्यबद्धता जनाउने कार्यक्रम गरेर कर्तव्य निर्वाह गरेको छ। सत्तामा रहेकाहरूले शुभकामना दिन समेत कन्जुस्याइं गरे।प्रेस स्वतन्त्रताप्रति सरकार प्रतिबद्ध छैन भन्ने संकेत हो। सत्ता र शक्तिको दुरुपयोग गरेर सञ्चार, न्याय र बिधिको शासन बिचको सम्बन्धको महत्व बुझाउन सकेमात्र प्रेस सुरक्षित बन्छ। प्रेस स्वतन्त्रताको अवस्था विश्वभर राम्रो छैन। द्वन्द्व ग्रस्त मुलुकमा सबैभन्दा असुरक्षित पत्रकार भएका छन्। रिपोर्टिङमा गएका पत्रकार सुरक्षित रुपमा फर्कन्छन् कि फर्कदैनन् भन्ने अबस्था बिद्यमान छ।राज्य पक्षमात्र होइन आन्दोलनकारीले पत्रकारलाई आक्रमण गर्ने र संचार गृहमाथि आतंकित पार्ने काम गरेका छन।

नेपाली पत्रकारहरुको भौतिक र व्यावसायिक सुरक्षाको लागि पत्रकार महासंघले लामो समय देखि आवाज उठाउँदै आएको छ। पत्रकारको सुरक्षा र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि सबै लड्नुपर्ने अवस्था आउनु विडम्बना हो। स्थानीय र प्रदेश सरकारले प्रेस स्वतन्त्रता प्रति प्रतिबद्ध र मिडीयामैत्री हुने अपेक्षा अनुसार ब्यबहारमा देखिन सकेको छैन्। सरकारले तोकेको पारिश्रमिक दिन आनकानी गर्ने, पत्रकारलाई विना सुरक्षा आन्दोलनमा खटाउने सञ्चार प्रतिष्ठान पनि स्वतन्त्र पत्रकारिताका पक्षपाति हुन सक्दैनन्। प्रेस स्वतन्त्रता दिवस मनाउनुको अर्थ श्रमजीवी पत्रकारको ऐनको कार्यान्वयन हो। पत्रकारलाई सबल बनाउन सुरक्षाको प्रत्याभुति र तालिम पनि उतिकै खाचो छ।

पत्रकार दुर्घटना बिमा र स्वास्थ्य बिमा प्राथमिक सर्त बन्नु पर्दछ। स्वतन्त्र प्रेसको लागि जिम्मेवार र मर्यादित बन्नु आवस्यक छ। राज्यले संबिधानमा भएको प्रावधान अनुसार कानुन कार्यान्वयन नगरि सबैलाई निरीह बनाउने कामगरेको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कागजी खोष्टो मात्र नबनाउन सरकारले ब्यबहारबाट पुष्टि गर्ने बेला आएको छ। जनताले सहि सूचना पाउने र राज्य जनतालाई सहि सुचना दिन प्रतिबद्धता जनाउने बेला यही हो। मूलधारका संचार माध्यम भन्दा सामाजिक संजाल र युट्युवलाई प्रयोग गरेर भ्रामक, गाली गलौजर चरित्र हत्या गर्ने काम हुँदै आएको छ। प्रविधिको प्रयोग गरेर गलत र भ्रामक सूचना दिने, अफवाह फैलाउने काम रोकिने अवस्था छैन। जब सम्म सहि र सत्य तथ्य सूचना जनताले पाउदैनन् तबसम्म मर्यादित पत्रकारिता हराउदै जान्छ। आस, त्रास र प्रभावबाट पत्रकार मुक्त हुने अवस्था बनाउने काम राज्यको हो।त्यसका लागि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर एकजुट हुनुपर्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# स्याङ्जामा विपिसीको सेवा अवरुद्ध

पोखरापत्र संवाददाता
स्याङ्जा, २० बैशाख

बुटवल पावर कम्पनी (विपिसी) को सेवा स्याङ्जाका केही क्षेत्रमा अवरुद्ध भएको छ। जिल्लाको वालिङ र भीरकोट नगरपालिकाका अधिकांश वडाहरुमा शनिवार राती देखी विद्युत सेवा अवरुद्ध भएको हो।

कम्पनीले एक सूचना जारी गर्दै वालिङ स्थित मिर्दि सवस्टेशनमा जडान गरिएको पावर ट्रान्सफर्मरमा अचानक समस्या आई मर्मत गर्नुपर्ने भएकोले मर्मत नहुँदासम्मको लागि ११ के.भी. लाइनबाट वितरण भएको वालिङ र भीरकोट नगरपालिकाका क्षेत्रहरुमा विद्युत आपूर्ति बन्द रहने भएको छ। सवस्टेसनमा रहेको ट्रान्सफर्मरमा कसरी समस्या आयो भन्ने बिषय भने कम्पनीले खुलाएको छैन। शनिवार राती मेघगर्जन सहित पानी परेको र ठुलो आवाजमा पट्किएकाले चट्याङ्का कारण ट्रान्सफर्मरमा समस्या आएको हुनसक्ने स्थानीयहरु बताउछन्। कम्पनीले सकेसम्म छिटोभन्दा छिटो मर्मत कार्य सम्पन्न गरी विद्युत सप्लाई आपूर्ति गरिने जनाएको छ।

विपिसीको गल्याङ शाखाका प्रमुख डोल खरेलका अनुसार ११ के.भी. प्रसारण लाइनको ट्रान्सफर्मर मर्मतका लागि बुटवल लैजानुपर्ने भएका कारण दुईदिन सम्म वालिङ र भीरकोट क्षेत्रमा विद्युत सेवा अवरुद्ध हुने बताए। सबस्टेसनमा ठुलो समस्या आयो प्रमुख खरेलले भने,'बैकल्पिक ट्रान्सफर्मर नभएका कारण दुईदिन समस्या हुन सक्छ।' यसमा सर्वसाधरणमा पर्न जाने असुविधाप्रति कम्पनी क्षमाप्रार्थी माग्न चाहान्छ उनले भने।

दुईदिन सम्म विद्युत अवरुद्ध हुँदा सरकारी कामको सेवा अवरुद्ध देखी टेलिफोन सेवा, घरेलु उद्योग धन्दा, बैंक वित्तिय लगायत विद्युतीय संचार माध्यमहरु मर्कामा परेका छन्। विपिसीका ट्रान्सफर्मरहरु बेला–बेलामा बिग्रिने गर्दा केही क्षेत्रमा विद्युत सेवा अवरुद्ध हुँदै आएपनि लामो समय अवरुद्ध हुने यो पहिलो पटक हो।

# अकबरे खुर्सानी खेती प्रवर्द्धन गर्दै पैयूँ गाउँपालिका

पोखरापत्र संवाददाता
पर्वत, २० बैशाख

दक्षिण पर्वतको पैयूँ गाउँपालिकाले अकबरे खुर्सानीखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ। स्वाद र स्वास्थ्यका दृष्टिले उपयुक्त मानिने अकबरे खुर्सानी विस्तारका लागि पालिकाले किसानलाई अनुदान दिएर खुर्सानीखेतीतर्फ आकर्षित गरेको हो।

स्थानीय किसानको आयआर्जन वृद्धि गर्ने उद्देश्यसहित अकबरे खुर्सानी (डल्ले खुर्सानी) उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको पैयूँ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले जानकारी दिनुभयो। चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार गाउँपालिकाको कृषि शाखामार्फत कृषक समूह, कृषि सहकारी तथा निजी कृषि फार्मलाई आवश्यक अनुदान दिएर अकबरे खुर्सानीखेती विस्तार गर्न थालिएको उहाँले बताउनुभयो। गाउँपालिकाले सूचना प्रकाशनपछि इच्छुक किसानलाई प्राविधिक मूल्याङ्कनपछि चारवटा कृषि फार्म छनोट गरी कार्यक्रम अगाडि बढाइएको छ। छनोटमा परेका फार्मलाई आवश्यक प्राविधिक सहयोग, तालिम, बीउबिजन, मलखाद तथा अनुदान प्रदान गरिने प्रमुख प्रशासकीय अधिकृत गैरेले बताउनुभयो। उहाँका अनुसार पहिलोपटक वडा नं ६ को हाडिकखर्क कृषि तथा पशुपन्छी फार्म, वडा नं ३ को बेउलवास कृषि तथा पशुपन्छी फार्म, वडा नं ४ को बैंसीथोक कृषि तथा पशुपन्छी फार्म र वडा नं ३ मै रहेको कानुङ कृषि तथा पशुपन्छी फार्मलाई अनुदान दिएर ठूलो क्षेत्रफलमा अकबरे विस्तार गरिने भएको छ। हरेक फार्मले कम्तीमा दुई रोपनी क्षेत्रफलमा अकबरे खुर्सानीको व्यावसायिक खेती विस्तार गर्नुपर्ने प्रावधान राखिएको छ। अकबरे खुर्सानी नेपालका पहाडी जिल्लामा पाइने अत्यन्तै महत्त्वपूर्ण नगदे बाली हो। यसको तिखोपन, सुगन्ध र स्वादका कारण यो देशभित्रमात्र नभई बाह्य बजारमा पनि उच्च माग रहेको छ। गाउँपालिकाभित्र र बाहिर पनि अकबरे खुर्सानीको माग अत्यधिक आउने र मूल्यसमेत पर्याप्त पर्ने भएकाले किसानको जीवनस्तर सुधार्न सहयोग मिल्ने देखेर अकबरे खुर्सानीखेतीमा किसानलाई आकर्षित गर्न खोजिएको पैयूँ गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले जानकारी दिनुभयो। अन्य सामान्य खुर्सानीको तुलनामा यसको मूल्य धेरै हुने भएकाले किसानका लागि यो आकर्षक आम्दानीको स्रोत बन्ने उहाँको भनाइ छ। सानो क्षेत्रफलमा समेत राम्रो आम्दानी दिन सक्ने भएकाले साना किसानलाई पनि व्यावसायिक खेतीतर्फ लाग्न पालिकाले आग्रह गरेको छ। पछिल्लो समय बजारमा अकबरे खुर्सानीको मूल्य स्थिर र उच्च रहने गरेको देखिएकाले यसको उत्पादन विस्तारलाई दिगो आयआर्जनको आधारका रूपमा हेरिएको अध्यक्ष ठकुरीले बताउनुभयो। पोषणका हिसाबले पनि अकबरे खुर्सानी निकै महत्त्वपूर्ण मानिन्छ। यसमा भिटामिन 'सी', 'ए' र 'ई'जस्ता आवश्यक पोषकतत्व प्रशस्त मात्रामा पाइन्छन्, जसले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग पुर्‍याउने हाडिकखर्क कृषि तथा पशुपन्चछी फार्मका सञ्चालक यामबहादुर क्षेत्रीले बताउनुभयो। यसमा पाइने क्याप्साइसिन तत्वले पाचन प्रणाली सुधार गर्ने, रक्तसञ्चार सन्तुलित राख्ने तथा केही दीर्घरोगको जोखिम कम गर्न मद्दत गर्ने विश्वास गरिएको छ। त्यसैले यो केवल मसलामात्र नभई स्वास्थ्यका दृष्टिले पनि उपयोगी बालीका रूपमा रहेको क्षेत्री बताउनुहुन्छ। तरकारी, अचार विभिन्न परिकारमा यसको प्रयोगले नेपाली स्वादलाई अझ विशेष बनाउने गरेको छ। अकबरे खुर्सानीखेतीमा रोग, कीरा तथा मौसमीय जोखिमजस्ता चुनौती पनि कम हुने बताइएको छ। पैयूँ गाउँपालिकाले कृषि आधुनिकीकरण, नगदे बाली प्रवर्द्धन तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणलाई केन्द्रमा राख्दै यस्तो कार्यक्रम अघि बढाएको जनाएको छ।

# बुद्ध विशाल बजारका व्यवसायीले गण्डकी मेडिकल कलेजमा उपचार गराउदा छुट पाउने

पोखरापत्र संवाददाता
पोखरा, २० बैशाख



बुद्ध विशाल बजार व्यापारिक एशोसियसन र गण्डकी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्चबीच विभिन्न सेवाहरुमा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखराका सबै व्यवसायीले गण्डकी मेडिकल कलेजले सञ्चालन गरिरहेको हस्पिटल सेवामा १० देखि २० प्रतिशत छुट पाउने बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष बुद्धि बहादुर कुँवरले बताएका छन्। एशोसियसनका तर्फबाट अध्यक्ष बुद्धि बहादुर कुँवर र गण्डकी मेडिकल कलेजका तर्फबाट प्रिन्सिपल प्रा. डा. रविन्द्रप्रसाद श्रेष्ठले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्। छुट सुविधाका लागि सेवाग्राहीले अस्पतालमा उपलब्ध स्वास्थ्य सेवाहरू उपभोग गर्न एशोसियसनमा दर्ता भई आईडी कार्ड देखाउनुपर्ने छ। सम्झौता कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका उपाध्यक्ष मनोहरि पौडेल महासचिव थमन सिंह गुरूङ सचिव शान्ति श्रेष्ठ जोशी लगाएतको उपस्थीति रहेको थियो।

# लिटल मिस्टर एण्ड मिस सिजन–२ को उपाधि सञ्जोग र श्रेन्सालाई

पोखरापत्र संवाददाता
पोखरा, २० बैशाख




पर्यटकीय नगरी पोखरामा आयोजित 'लिटल मिस्टर एण्ड मिस पोखरा सिजन–२' को ग्राण्ड फिनाले भव्य रूपमा शनिवार सम्पन्न भयो।

प्रतियोगितामा अन्य प्रतिस्पर्धीहरूलाई पछि पार्दै छात्रतर्फ सञ्जोग सुवेदीले ' लिटल मिस्टर पोखरा' र छात्रातर्फ श्रेन्सा गौतमले 'लिटल मिस पोखरा' को मुख्य ताज पहिरिन सफल भएका छन्। पोखरा महानगरपालिका वडा नं. १३ का वडाध्यक्ष किरण बराल कार्यक्रमको उद्घाटन गरेका थिए। कार्यक्रममा बोल्दै अध्यक्ष बरालले बालबालिकाको व्यक्तित्व विकास र आत्मविश्वास अभिवृद्धिका लागि यस्ता मञ्चहरू अपरिहार्य रहेको बताए। अध्यक्ष वरालले भने, "अहिलेको प्रतिस्पर्धात्मक युगमा किताबी ज्ञानसँगै अतिरिक्त क्रियाकलापले नै बालबालिकालाई अब्बल बनाउँछ। स्थानीय स्तरका प्रतिभालाई राष्ट्रिय मूलधारमा ल्याउन हेभन्लीइभेन्टले खेलेको भूमिका सराहनीय छ।" कार्यक्रमको विशेष आकर्षणका रूपमा नेपाली चलचित्र 'मालती मङ्गले' को टिम सहभागी रहेको थियो। अभिनेता विजय बराल, अभिनेत्री वर्षा राउत, हास्य कलाकार मेक्सम गौडेल र सुमधुर स्वरका धनी गायक रामकृष्ण ढकालले कार्यक्रममा उपस्थिति जनाउँदै बालबालिकाहरूको उत्साह बढाएका थिए।

गायक ढकालले आफ्ना चर्चित गीत प्रस्तुत गर्दा हल गुञ्जायमान बनेको थियो भने विजय बराल र मेक्सम गौडेलको प्रस्तुतिले दर्शकहरूलाई भरपुर मनोरञ्जन दियो। मुख्य उपाधि सञ्जोग सुवेदी र श्रेन्सा गौतमले जित्दा निमिषा सुवेदी, आराध्या बराल र रितिश न्यौपानेले 'फर्स्ट रनर-अप' को उपाधि हासिल गरे। त्यसैगरी सान्बी गुरुङ, सान्सा थापा र क्यान थापाले 'सेकेन्ड रनर-अप' घोषित भए भने समृद्धि क्षेत्री, प्राज्ञा गुरुङ र अवनीश कुमार श्रेष्ठले 'भ्यूअर्स च्वाइस' अवार्ड हात पारे।

कार्यक्रमको समापन गर्दै हेभन्ली इभेन्ट म्यानेजमेन्टका प्रबन्ध निर्देशक सफल सुवेदीले सिजन–२ को भव्य सफलताले आफूहरूलाई थप जिम्मेवार बनाएको भने। निर्देशक सुवेदीले आगामी दिनमा अझ परिष्कृत कार्यक्रमहरू आयोजना गर्दै पोखराका प्रतिभालाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन संस्था सधैं क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ संरचना टोल, भित्री बाटो तथा नाला निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः संरचना टोल भित्री बाटो तथा नाला निर्माण
ठेगानाः संरचना टोल, ठूलो मजुवा, पोखरा–१५
योजना सम्झौता मितिः २०८२/०९/२९ गते
योजना शुरु हुने मितिः २०८२/१०/०३ गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/३० गते
योजनाको कुल लागतः रु.६,६६,६६७।-
महानगरपालिकाबाटः रु.६,००,०००।-
जनसहभागिताबाटः रु.६६,६६७।-
अध्यक्षः अर्जुन गुरुङ
सम्पर्क नं.: ९८१६१७७५०९
निर्माण समिति सदस्य संख्याः ७
महिलाः २, पुरुषः ५

**संरचना टोल भित्री बाटो तथा नाला निर्माण उपभोक्ता समिति पोखरा-१५**

## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

प्रकाशित मितिः २०८३/०१/२१ गते

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७९-११-१७ मा दर्ता भएको प्रा.लि. द. नं. ३०८२४१ को ईस्टर्न स्टोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. कम्पनीको मिति २०८३/०१/१८ मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताब पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोहि कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन। कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालयः रमेश हरि अधिकारी
इजाजत नं. ५४७ सम्पर्कः ९८५१०८९१८३

**सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**
Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : वनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालय : महालक्ष्मी-४, ईमाडोल, ललितपुर
फोन नं.: ०१-५९१२७५२/०११-६६२२७५
Website : www.swmfi.com.np

# कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना !

**सूचना प्रकाशित मिति: २०८३/०१/२१ गते**

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋण/कर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउने पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत नतिरी, नबुझाई ऋण/कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लङ्घन गर्नु भएकोले ऋण/कर्जा चुक्ता /भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋण/कर्जाको सम्पूर्ण साँवा, व्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता/भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, व्याज, हर्जना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने छ। धितो सूरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारबाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

| क्र.सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमानरबाबुको नाम | बाजेरससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्बर | जारी मिति | जारी स्थान |
| १ | मिर्मी | तोया कुमारी कामी | लाल बहादुर कामी | पीतराम कामी | विर्घा ०६, स्याङ्जा | कालीगण्डकी ०४, स्याङ्जा | ४२३०२५/ ५३८ | २०६३।१०।१७ | स्याङ्जा |
| २ | मिर्मी | इन्द्र देवी कुमाल | याम बहादुर कुमाल | तारक बहादुर कुमाल | रानीपानी ०७, पर्वत | बिहादी ०३, पर्वत | ५११०४२/२४६ | २०६८।०१।२६ | पर्वत |
| ३ | मिर्मी | हिरा भट्टराई | सागर बहादुर कुमाल | हरी बहादुर कुमाल | रानीपानी ०७, पर्वत | बिहादी, ०३, पर्वत | ४१६९ | २०६९।१२।१५ | पर्वत |
| ४ | चापाकोट | रन्जता कुमार वि.क | पदम बहादुर वि.क | लाल बहादुर वि.क | खालीवन १, पाल्पा | खालीवन १, पाल्पा | ३९१०१४/५९५ | २०६७/१२/२३ | पाल्पा |
| ५ | चापाकोट | लक्ष्मी वि.क | रमेश वि.क | गुप्त बहादुर वि.क | पुतलीबजार ११, स्याङ्जा | पुतलीबजार ११, स्याङ्जा | ४२३०१८/२४५ | २०६३/११/१३ | स्याङ्जा |
| ६ | चापाकोट | गंगा वि.क | भाईराम वि.क | खगेश्वर वि.क | चापाकोट ९, स्याङ्जा | चापाकोट ९, स्याङ्जा | ४२-०२-७३-००३०६ | २०७३/०१/२३ | स्याङ्जा |
| ७ | चापाकोट | राधा देवी कामी | खेम बहादुर कामी | लछुमन कामी | खालीवन ३, पाल्पा | खालीवन ३, पाल्पा | ३९३०१०/८० | २०६३/१२/०२ | पाल्पा |
| ८ | चापाकोट | कमला सार्की | देव बहादुर सार्की | कर्ण बहादुर सार्की | रत्नपुर ५, स्याङ्जा | रत्नपुर ५, स्याङ्जा | ४२३०१९/२०१ | २०६३/११/२० | स्याङ्जा |
| ९ | चापाकोट | डिल माया गाहा मगर | रमन बहादुर गाहा मगर | छविलाल गाहा मगर | मल्याङकोट ५, स्याङ्जा | मल्याङकोट ५, स्याङ्जा | ४२-०२-७३-०४८८४ | २०७३/१०/१३ | स्याङ्जा |
| १० | चापाकोट | राममाया रिङ्जाली | बल बहादुर रिङ्जाली | चित्र बहादुर रिङ्जमली | कुवाकोट ४, स्याङ्जा | कुवाकोट ४, स्याङ्जा | ४२३०२१/३४५ | २०६३/११/२९ | स्याङ्जा |
| ११ | चापाकोट | रेश्मा वि.क | अम्वर वि.क | कुल बहादुर वि.क | चापाकोट ९, स्याङ्जा | चापाकोट ९, स्याङ्जा | ४२-०२-७३-०४११२ | २०७३/०९/०३ | स्याङ्जा |
| १२ | चापाकोट | सिता वि.क | दिपक वि.क | यम बहादुर विश्वकर्मा | चापाकोट ८, स्याङ्जा | चापाकोट ८, स्याङ्जा | ४२३०६३/४१५ | २०७२/०३/०६ | स्याङ्जा |
| १३ | चापाकोट | सन्जू कुमाल | खेमराज कुमाल | रत्न बहादुर कुमाल | खालिवन ३, पाल्पा | खालिवन ३, पाल्पा | ३९३०१०/१२९ | २०७०/०१/१९ | पाल्पा |
| १४ | बयरघारी | थाम माया गुरुङ | उम बहादुर गुरुङ | धुन बहादुर गुरुङ | मनकामना २, स्याङ्जा | बिरुवा ७, स्याङ्जा | ४२२०१४/२१८ | २०६५/०५/०२ | स्याङ्जा |
| १५ | बयरघारी | दिपा कुमारी खाती | कृष्ण खाती | रुद्र बहादुर वि.क | बानेथोक ५, स्याङ्जा | भीरकोट ३, स्याङ्जा | ८६२८७ | २०६३/०३/१३ | स्याङ्जा |
| १६ | बयरघारी | सरिदा निसा | कुजरत अलि मिया | हफी जुल्का मिया | दार्सिङ दहथुम ३, स्याङ्जा | भीरकोट १, स्याङ्जा | ४२१०३५/१३७ | २०६७।०५।१७ | स्याङ्जा |
| १७ | बयरघारी | फुलमती वि.क. | उमान सिंङ वि.क. | सुर्य मान वि.क | वालिङ ३, स्याङ्जा | वालिङ ८, स्याङ्जा | १४०८७ | २०६०/०९/२३ | स्याङ्जा |
| १८ | बयरघारी | दुरमाया गुरुङ | बुक्त बहादुर गुरुङ | दल बहादुर गुरुङ | माझकोट ३, स्याङ्जा | वालिङ ३, स्याङ्जा | १५८७५ | २०६१/०३/११ | स्याङ्जा |
| १९ | बायाटारी | ज्योति गौतम साकी | जयराम सार्की | विन बहादुर सार्की | वालिङ्ग १३, स्याङ्जा | वालिङ्ग १३, स्याङ्जा | ४२-०२-७७-००२२६ | २०७७/०६/११ | स्याङ्जा |
| २० | बायाटारी | लौ माया गुरुङ्ग | रिम बहादुर गुरुङ्ग | क्षेत्र बहादुर गुरुङ्ग | माझकोट शिवालय २, स्याङ्जा | माझकोट शिवालय २, स्याङ्जा | ४२३०३९/१७३ | २०६३/११/१३ | स्याङ्जा |
| २१ | बायाटारी | सम्झना परियार | शिव बहादुर दमै | गोपाल दमै | साँखर ६, स्याङ्जा | साँखर ६, स्याङ्जा | ४२२०१७/२३९ | २०६८/११/१७ | स्याङ्जा |
| २२ | अर्जुनचौपारी | निशा तिउसिना | नर बहादुर थापा | टोप बहादुर थापा | ठुलाडिही ९, स्याङ्जा | अर्जुनचौपारी १, स्याङ्जा | ४२-०१-७३-०३६९१ | २०७३/०९/१४ | स्याङ्जा |
| २३ | बिरुवा | अम्वि गुरुङ | इन्द्र बहादुर गुरुङ | खेम बहादुर गरुङ | वालिङ ३, स्याङ्जा | वालिङ ३, स्याङ्जा | ४२३०३९।१४३ | २०६३।११।१२ | स्याङ्जा |
| २४ | बिरुवा | माया कुमारी राना | अनजङ राना | रोम बहादुर राना | बिरुवा ६, स्याङ्जा | बिरुवा ६, स्याङ्जा | ४२२०१५/८८५ | २०७१।१०।२५ | स्याङ्जा |
| २५ | बिरुवा | सोम माया गुरुङ | तोर्न बहादुर गुरुङ | खिम बहादुर गुरुङ | हरिनास १, स्याङ्जा | हरिनास १, स्याङ्जा | ४२३००८।३६४ | २०६३।०१।१२ | स्याङ्जा |
| २६ | बिरुवा | सृजना भण्डारी | नैन दत्त भण्डारी | पदम पनि भण्डारी | हरिनास ३, स्याङ्जा | हरिनास ३, स्याङ्जा | ४२३००९/११२ | २०६३।११।१७ | स्याङ्जा |
| २७ | बिरुवा | भिम माया गुरुङ | कमल बहादुर गुरुङ | टिल बहादुर गुरुङ | हरिनास १, स्याङ्जा | हरिनास १, स्याङ्जा | ६२०६ | २०४५।०१।२६ | स्याङ्जा |
| २८ | बिरुवा | बिपना गुरुङ | लिल बहादुर गुरुङ | डिल बहादुर गुरुङ | हरिनास ३, स्याङ्जा | हरिनास ३, स्याङ्जा | ४२-०१-७५-०१६२५ | २०७५।०५।१४ | स्याङ्जा |
| २९ | बिरुवा | टिका माया गुरुङ | राजु गुरुङ | डिल बहादुर गुरुङ | हरिनास ३, स्याङ्जा | हरिनास ३, स्याङ्जा | ४२१००९/३२४ | २०६८।११।०४ | स्याङ्जा |
| ३० | बिरुवा | टिकासरी गुरुङ | शेर बहादुर गुरुङ | जस बहादुर गुरुङ | हरिनास ३, स्याङ्जा | हरिनास ३, स्याङ्जा | ४२-०१-७०-००९६८ | २०७०।०३।१७ | स्याङ्जा |
| ३१ | बिरुवा | बेल माया गुरुङ | राम बहादुर गुरुङ | पूर्ण बहादुर गुरुङ | हरिनास ३, स्याङ्जा | हरिनास ३, स्याङ्जा | ४२-०१-७३-०२८९३ | २०७३।०७।१९ | स्याङ्जा |
| ३२ | बिरुवा | सर्मिला गुरुङ | आकास गुरुङ | शेर बहादुर गुरुङ | हरिनास ३, स्याङ्जा | हरिनास ३, स्याङ्जा | ४२३००९/१८० | २०७०।०२।०८ | स्याङ्जा |
| ३३ | बिरुवा | रन्जु गुरुङ | डम्मर बहादुर गुरुङ | नन्द बहादुर गुरुङ भन्ने तुल बहादुर गुरुङ | हरिनास १, स्याङ्जा | हरिनास. १, स्याङ्जा | ४३१०३२-९९०११ | २०६४।०१।०२ | स्याङ्जा |
| ३४ | बिरुवा | पेमकला पौडेल | नारायण प्रसाद पौडेल | अनताराज पौडेल | वालिङ ३, स्याङ्जा | वालिङ ३, स्याङ्जा | ४२२०४१/२८२६९ | २०६३।१२।२६ | स्याङ्जा |
| ३५ | बिरुवा | कुलमाया राना | टोप बहादुर राना | थमन सिंह राना | बिरुवा २, स्याङ्जा | बिरुवा २, स्याङ्जा | ४२३०११/१६२ | २०६३।११।२० | स्याङ्जा |
| ३६ | बिरुवा | सुमित्रा गुरुङ | बिल बहादुर गुरुङ | नर बहादुर गुरुङ | हरिनास. ३, स्याङ्जा | हरिनास ३, स्याङ्जा | ४२३००९/२०८ | २०६३।११।०७ | स्याङ्जा |
| ३७ | बिरुवा | आशा गूरुङ | खिम बहादुर गुरुङ | कोष बहादुर गुरुङ | हरिनास १, स्याङ्जा | हरिनास १, स्याङ्जा | ५६०७६ | २०५९।०३।०४ | स्याङ्जा |
| ३८ | बिरुवा | शान्ति गुरुङ | लोक बहादुर गुरुङ | केहरसिहं गुरुङ | हरिनास १, स्याङ्जा | हरिनास १, स्याङ्जा | ५०२१९ | २०५५।११।२४ | स्याङ्जा |
| ३९ | बिरुवा | लक्ष्मी पौडेल | हरि प्रसाद पौडेल | खेम लाल पौडेल | हरिनास ३, स्याङ्जा | हरिनास ३, स्याङ्जा | ४२३००९/३१५ | २०६३।११।१८ | स्याङ्जा |
| ४० | फेदीखोला | सन्तु माया घर्ती | बल बहादुर घर्ती | ठग बहादुर घर्ती | अर्जुनचौपारी २, स्याङ्जा | पुतलीबजार ४, स्याङ्जा | ४२-०१-७७-००३४२ | २०७७।०६।२१ | स्याङ्जा |
| ४१ | त्रिबेणी | साबित्रा सार्की | पिताम्बर सार्की | मनबीर नेपाली | बराचौर ०८ पुर्णगाउँ, पर्वत | बिहादी ०२ पुर्णगाउ, पर्वत | ५१३०३०/९९ | २०६३।१०।०५ | पर्वत |
| ४२ | त्रिबेणी | अमृता गिरी | गंगा गिरी | ललिजंग गिरी | बराचौर ०८ पुर्णगाउँ, पर्वत | बिहादी ०२ पुर्णगाउँ, पर्वत | ५१३०३०/२३८ | २०६३।१०।०८ | पर्वत |
| ४३ | त्रिबेणी | शोभा देबी सारु थापा राना | सुर्य बहादुर राना | दल बहादुर राना | त्रिबेणी ०१, पर्वत | पैयु ०४, शान्तीटोल, पर्वत | ५११०५५/३२२ | २०६९।०४।१९ | पर्वत |
| ४४ | साखर | ईत माया थापा | याम बहादुर थापा | हुम बहादुर थापा | हरिनास ६, स्याङ्जा | हरिनास ६, स्याङ्जा | ४२-०२-७४-००७३९ | २०७४।०२।१८ | स्याङ्जा |
| ४५ | थर्पु | रोजिना परियार | राज कुमार परियार | हुम बहादुर दमाई | मनपाङ ४, तनहुँ | म्याग्दे वडा न. ७, तनहुँ | ४३-०१-७५-०३३५८ | २०७५/०३/२४ | तनहुँ |
| ४६ | थर्पु | बिष्णु पुलामी मगर | शिब बहादुर पुलामी मगर | रेखे पुलामी मगर | मनपाङ ८, तनहुँ | म्याग्दे वडा न. ७, तनहुँ | ७९५०० | २०६२/०४/०६ | तनहुँ |
| ४७ | तार्कु | सूर्जना मिजार | राजु सार्की | दिल बहादुर सार्की | दोर्दी ४ जितौरे, लमजङ | दोर्दी ४, जितौरे, लमजङ | ४५३०५५/५७ | २०६३/११/०२ | लमजुङ |
| ४८ | तार्कु | सर्मीला वि.क. | शंकर वि.क. | लाल वहादुर कामी | सुन्दरवजार ९, लमजुङ | सुन्दरवजार ५, लमजुङ | ४५१०३५/१५३५० | २०६७/०५/०३ | लमजुङ |
| ४९ | तार्कु | कमला दुरा | कमल वहादुर दुरा | बुद्धि वहादुर दुरा | सुन्दरवजार ११, लमजुङ | सुन्दरवजार ११, लमजुङ | ४५३०२७/४१ | २०६३/१०/११ | लमजुङ |
| ५० | तार्कु | सरीता वि.क | राजु कामी | विन वहादुर कामी थापा | सुन्दरवजार ११, लमजुङ | सुन्दरवजार ११, लमजुङ | ४५३०२४/६५ | २०६३/१०/१२ | लमजुङ |
| ५१ | तार्कु | चिजामाया परीयार | धन वहादुर दमै | मंगल सिह दमै | सुन्दरवजार २, लमजुङ | सुन्दरवजार २, लमजुङ | ४५३०३४/७१ | २०६३/११/१२ | लमजुङ |
| ५२ | तार्कु | जान्वी लामा | सन्दिप लामा | धर्म राज लामा | सुन्दरवजार ५ ,लमजुङ | सुन्दरवजार ५, लमजुङ | ४५/०१/७३/०३४२७ | २०७३/०७/२४ | लमजुङ |
| ५३ | बेलबास | अमिर आले | दुर्गा बहादुर आले | केहर सिंग आले | ब्यास १३, बेलबास, तनहुँ | ब्यास १३, बेलबास, तनहुँ | ४३१०१५ | २०६६/०३/२५ | तनहुँ |
| ५४ | बेलबास | मधुमाया घर्त्ती | रोम बहादुर घर्त्ती | मान बहादुर सुनार | ब्यास १३, आपश्वारा, तनहुँ | ब्यास १३, आपश्वारा, तनहुँ | १३५५३ | २०५३/०४/१० | तनहुँ |
| ५५ | बेलबास | विष्णु माया थापा | तिल बहादुर थापा | तेप बहादुर थापा | ब्यास ०१, तनहुँ | ब्यास ०१, तनहुँ | ४३३०१५/१०७ | २०६३/११/०७ | तनहुँ |
| ५६ | बेलबास | सुनिता थापा मगर | धन बहादुर थापा | पदम बहादुर थापा | बैदी १, तनहु | ब्यास ०१, तनहुँ | ४३१०११/११९४१० | २०६६/०७/०६ | तनहुँ |
| ५७ | टक्सार | सृजना बोटे | रामजी बोटे | गाजले भन्ने माधव बोटे | राम्घा ६, लमजुङ | मध्यनेपालन ४, लमजुङ | ४५-११-७०-००१८१ | २०७०/०१/१९ | लमजुङ |
| ५८ | टक्सार | जमुना गिरी | जनार्दन गिरी | रामनाथ गिरी | जिता ९, लमजुङ | मध्यनेपालन १, लमजुङ | ३०६ | २०४६/०२/०३ | लमजुङ |
| ५९ | टक्सार | उमा शाही | सन्त बहादुर शाही | फणिन्द्र बहादुर शाही | जिता ९, लमजुङ | मध्यनेपालन १, लमजुङ | ४५-०१-७०-०१६१४ | २०७०/०४/२१ | लमजुङ |
| ६० | टक्सार | मिना गुरुङ | बुद्ध गुरुङ | ललितमान गुरुङ | मध्यनेपालन ४, लमजङ | मध्यनेपालन ४, लमजुङ | ४५३०२१/१७ | २०६३/१०/१६ | लमजुङ |
| ६१ | कोत्रे | सरस्वती खत्री | भबिन खत्री | रामकाजी खत्री | शुक्लागण्डकी ०५, तनहुँ | शुक्लागण्डकी ०५, तनहुँ | ४३३०३७/१४७ | २०७०/०२/२५ | तनहुँ |
| ६२ | कोत्रे | केश माया परियार (दमै) | कमल बहादुर दमै | भिम बहादुर दमै | शुक्लागण्डकी ०१, तनहुँ | शुक्लागण्डकी ०१, तनहुँ | ४३३०३६/८१ | २०६३/१०/११ | तनहुँ |
| ६३ | कोत्रे | कमला गुरुङ्ग | जित बहादुर गुरुङ्ग | कुल बहादुर गुरुङ्ग | शुक्लागण्डकी ०१, तनहुँ | शुक्लागण्डकी ०१, तनहुँ | ४३३०३६/१२१ | २०६३/१०/१२ | तनहुँ |
| ६४ | कोत्रे | दुर्गा दर्जी | कृष्ण बहादुर दर्जी | मन बहादुर दर्जी | रुपाकोट ०२, कास्की | रुपाकोट ०२, कास्की | १०००३८ | २०५६/१०/०५ | तनहुँ |
| ६५ | कोत्रे | सुशिला लम्साल थापा | बिनोद कुमार थापा | नर बहादुर थापा | लेखनाथ १३, कास्की | लेखनाथ १३, कास्की | २४५११ | २०६३/०४/२९ | कास्की |
| ६६ | कोत्रे | पबित्रा गुरुङ्ग | पदम बहादुर गुरुङ्ग | मान बहादुर गुरुङ्ग | लेखनाथ ३२, कास्की | लेखनाथ ३२, कास्की | ८१११० | २०५७/१०/२२ | तनहुँ |
| ६७ | कोत्रे | लक्ष्मी माया गुरुङ्ग | कर्ण बहादुर गुरुङ्ग | राम बहादुर गुरुङ्ग | करापु ०२, लमजुङ | करापु ०२, लमजुङ | ४५३०१७/४२ | २०६३/११/०७ | लमजुङ |
| ६८ | कोत्रे | पबित्रा माया गुरुङ्ग सुबेदी | बिष्नु प्रसाद सुबेदी | शालिकराम सुबेदी | लेखनाथ ३०, कास्की | लेखनाथ ३०, कास्की | ४६-०२-७४-००४१७ | २०७४/०२/२५ | कास्की |
| ६९ | कोत्रे | सिर्जना शाही | बिकाश शाही | सन्त बहादुर शाही ठकुरी | लेखनाथ २७, कास्की | लेखनाथ २७, कास्की | ४६-०२-७५-०००५६८ | २०७५/०२/२१ | कास्की |

| क्र. सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमानरबाबुको नाम | बाजेरससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्वर | जारी मिति | जारी स्थान |
| ७० | कोत्रे | योमाया गुरुङ्ग | धनराज गुरुङ्ग | धा बहादुर गुरुङ्ग | शुक्लागण्डकी ०१, तनहुँ | शुक्लागण्डकी ०१, तनहुँ | ४३-०१-७१-०२४६२ | २०७१/०५/१८ | तनहुँ |
| ७१ | कोत्रे | दुर्गा दर्जी | कृष्ण बहादुर दर्जी | मन बहादुर दर्जी | रुपाकोट ०२, कास्की | लेखनाथ ३०, कास्की | १०००३८ | २०५६/१०/०५ | कास्की |
| ७२ | कोत्रे | सृजना के.सी. | शिव के.सी. | बज्र बहादुर के.सी. | लेखनाथ १२, कास्की | लेखनाथ १२, कास्की | ४६१००२/७४८ | २०६४/०९/२४ | कास्की |
| ७३ | कोत्रे | आस कुमारी सुनार | बिनोद दियाली | हरिचन्द्र सुनार | पोखरा म. २६, कास्की | पोखरा म. २६, कास्की | ४६-०२-७८-०२७१४ | २०७८/११/०१ | कास्की |
| ७४ | कोत्रे | निर्मला गुरुङ्ग | बिर बहादुर गुरुङ्ग | राम बहादुर गुरुङ्ग | पोखरा म. ३०, कास्की | पोखरा म. ३०, कास्की | ४६१०३०/३९७ | २०६६/०४/१८ | कास्की |
| ७५ | कोत्रे | रुपा तामाङ्ग | डेमा छिरिङ्ग | जमान सिंह तामाङ्ग | ठोरी ०५, पर्सा | ठोरी ०५, पर्सा | १५६७७ | २०५२/०८/१४ | तनहुँ |
| ७६ | कोत्रे | प्रेम कुमारी गुरुङ्ग | तेज बहादुर गुरुङ्ग | जित बहादुर गुरुङ्ग | शशुक्लागण्डकी न.पा.०१, तनहुँ | शुक्लागण्डकी न.पा.०१, तनहुँ | २४९ | २०४४।१२।०८ | तनहुं |
| ७७ | करापुटार | मुना दुरा | दिप दुरा | कृतिमान दुरा | नेटा २, लमजुङ | मध्यनेपाल १०, लमजुङ | ४५-१२-६९-०००३० | २०६९/०७/२३ | लमजुङ |
| ७८ | करापुटार | मन्जु इडेवावा | सिताराम कुँवर | बिष्णु बहादुर कुँवर | फिदिम २, पाँचथर | मध्यनेपाल ९, लमजुङ | ०२-०१-७५-००२१६ | २०७५/०१/२६ | पाचथर |
| ७९ | करापुटार | अमिता दुरा | देवेन्द्र दुरा | नन्ललाल दुरा | मध्यनेपाल १०, लमजङ | मध्यनेपाल १०, लमजुङ | ४५-०१-७६-०४८९०१ | २०७६/१२/०३ | लमजुङ |
| ८० | करापुटार | सानुमाया बिश्वकर्मा | आस बहादुर बि क | सोभे बिश्वकर्मा | ईशानेश्वर गा बि स ५, लमजुङ | मध्यनेपाल ७, लमजुङ | ७५७ | २०४६/०३/११ | लमजुङ |
| ८१ | करापुटार | नौमाया भुजेल | रामबहादुर भुजेल | नर बहादुर भुजेल | र्भोलेटार गा बि स २, लमजुङ | मध्यनेपाल ६, लमजुङ | ४९९९४ | २०६१/०३/२५ | लमजुङ |
| ८२ | करापुटार | बृन्दामाया गुरुङ | सानुकाजि गरुङ | ज्याउसर गुरुङ | मध्यनेपाल ४, लमजुङ | मध्यनेपाल ६, लमजुङ | ४५३०१७/२१४ | २०६३/११/०९ | लमजुङ |
| ८३ | करापुटार | माया दुरा | रामकृष्ण दुरा | मिन बहादुर दुरा | र्भोलेटार गा बि स ८, लमजुङ | मध्यनेपाल ६, लमजुङ | ४५३०१९/१३२ | २०६३/१०/२७ | लमजुङ |
| ८४ | करापुटार | गुहेश्वरी बि क | लोक बहादुर बि क | सन्तमान कामि | र्भोलेटार गा बि स ८, लमजुङ | मध्यनेपाल ६, लमजुङ | ४५३०१९/११८ | २०६३/१०/२७ | लमजुङ |
| ८५ | करापुटार | ख माया गुरुङ | वम बहादुर गुरुङ | धन प्रसाद गुरुङ | नाल्मा गा बि स ५, लमजुङ | बेशिसर ५, लमजुङ | ४५९०१ | २०६०/०३/२४ | लमजुङ |
| ८६ | करापुटार | कोपिला दर्जि (दमाई) | जुठे दर्जि (दमाई) | रुधर दर्जि (दमाई) | भोर्लेटार गा बि स ८, लमजुङ | मध्यनेपाल ६, लमजुङ | २५४३२ | २०५४/१०/०७ | लमजुङ |
| ८७ | करापुटार | मनि दृवी गुरुङ | हिरा बहादुर गुरुङ | गगा प्रसाद गूरुङ | करापु गा बि स ७, लमजुङ | मध्यनेपाल ७, लमजुङ | १७३१९ | २०५१/११/१७ | लमजुङ |
| ८८ | करापुटार | पुजा तामाङ लामा | मिन प्रसाद लामा | सुक बहादुर लामा | मध्यनेपाल ९, लमजुङ | मध्यनेपाल ७, लमजुङ | ४५-०१-७३-०५५८५ | २०७३/१२/२७ | लमजुङ |
| ८९ | करापुटार | शर्मिला परीयार | सन्दिप परीयार | बिमल बहादुर दमै | मध्यनेपाल ७, लमजुङ | मध्यनेपाल ७, लमजुङ | ४६-०१-७६-००३२० | २०७६/०१/२३ | लमजुङ |
